राष्ट्रिय दैनिक

समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक १०० २०८३ कात्तिक १५ गते आईतवार (1 Nov. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

दस दिनदेखि बेपत्ता बालकको शव फेला

दैनिक समाचारदाता
जनकपुरधाम, १४ कात्तिक । धनुषाको नगराइन नगरपालिका-७ देवडिहाबाट दस दिनअघि बेपत्ता भएका सात वर्षीय बालक साकेत झाको शव क्षतविक्षत अवस्थामा फेला परेको छ ।

गत कार्तिक ४ गते विजयादशमीका दिन घरबाट निस्किएपछि बेपत्ता भएका साकेतको शव शनिबार धान खेतमा फेला परेको हो ।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार बालक बेपत्ता भएको स्थानबाट करिब दुई किलोमिटर उत्तरतर्फ धान खेतमा शव फेला परेको हो ।
स्थानीय अजय झाका छोरा साकेत घरबाट निस्किएपछि परिवारजन र प्रहरीले निरन्तर खोजी गरिरहेका थिए । खोजीका क्रममा आसपासका गाउँबस्ती, पोखरी तथा झाडीहरूमा समेत अनुसन्धान गरिएको थियो । तर, दस दिनसम्म उनको अवस्था पत्ता लाग्न सकेको थिएन ।
अन्ततः शनिबार धान खेतमा क्षतविक्षत अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ । बालकको मृत्युको कारण र घटनाको वास्तविक परिस्थितिबारे प्रहरीले थप अनुसन्धान गरिरहेको प्रवक्ता खनालले जानकारी दिए ।
दशैँको दिनदेखि बेपत्ता भएका बालकको शव फेला परेपछि देवडिहा गाउँ शोकमा डुबेको छ ।

स्वास्थ्य चौकी उद्घाटनमा झडप, प्रहरीको गोली लागेर युवक घाइते

फेटामा गाउँपालिका अध्यक्षको टोली र विपक्षी समूहबीच विवाद, स्थिति नियन्त्रणमा लिन प्रहरीले चलायो गोली

दैनिक समाचारदाता
बारा, १४ कात्तिक । बाराको फेटा गाउँपालिकामा स्वास्थ्य चौकी उद्घाटन गर्ने विषयलाई लिएर दुई समूहबीच झडप हुँदा प्रहरीले गोली चलाएको छ । प्रहरीको गोली लागेर एक युवक घाइते भएका छन् ।
शनिबार बिहान फेटा गाउँपालिका-३ स्थित स्वास्थ्य चौकी उद्घाटनका क्रममा गाउँपालिका अध्यक्ष रुस्तम अन्सारी नेतृत्वको टोली र विपक्षी समूहबीच विवाद सुरु भएको थियो । विपक्षी समूहले उद्घाटन कार्यक्रम रोक्न खोजेपछि दुवै पक्षबीच तनाव उत्पन्न भएको हो ।
विवादले उग्ररूप लिएर दुई समूहबीच झडप हुन थालेपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन लाठीचार्ज गरेको थियो । त्यसक्रममा प्रहरीमाथि ढुंगामुढा हुन थालेपछि जवाफी

कारबाहीस्वरूप गोली चलाइएको मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी ओमप्रसाद अधिकारीले जानकारी दिए ।
उनका अनुसार भीड नियन्त्रणबाहिर जान थालेपछि प्रहरीले हवाई फायर गरेको थियो । तर, घटनामा एक युवकलाई गोली लागेको छ । ती युवकलाई कसको गोली लागेको हो भन्नेबारे यकिन हुन नसकेको प्रहरीले जनाएको छ ।
फेटा गाउँपालिका-३ स्थित स्वास्थ्य चौकी तथा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय नजिकै घटना भएको हो । गोली लागेर घाइते भएका युवकलाई उपचारका लागि वीरगन्जस्थित नेशनल मेडिकल कलेजमा भर्ना गरिएको मधेश प्रदेश प्रहरीले जनाएको छ ।
घाइते युवकको पहिचान तथा गोली लाग्नुको यकिन कारणबारे थप विवरण सार्वजनिक हुन बाँकी छ । घटनापछि उक्त क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको प्रहरीले जनाएको छ ।

बेरुजु फछ्र्यौंट नगरे बैंक खाता र जायजेथा रोक्का

मधेश सरकारले ल्यायो नयाँ कार्यविधि, पेस्की फछ्र्यौंटमा १० प्रतिशत ब्याज र उत्कृष्ट कार्यालयलाई २५ हजारसम्म पुरस्कार

दैनिक समाचारदाता
जनकपुरधाम, १४ कात्तिक । मधेश प्रदेश सरकारले सरकारी निकायमा बढ्दै गएको बेरुजु नियन्त्रण तथा वित्तीय अनुशासन कायम गर्न नयाँ कार्यविधि लागू गरेको छ ।
प्रदेश सरकारको अर्थ मन्त्रालयले 'मधेश प्रदेश बेरुजु फछ्र्यौंट सम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो । प्रदेशअन्तर्गतका मन्त्रालय, आयोग, सचिवालय, निर्देशनालय, कार्यालय तथा अन्य सार्वजनिक निकायमा वित्तीय जवाफदेहिता, पारदर्शिता र सुशासन कायम गर्ने उद्देश्यले कार्यविधि ल्याइएको अर्थ मन्त्रालयले जनाएको छ ।
प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविधिले महालेखा परीक्षकको वार्षिक प्रतिवेदन तथा आन्तरिक

लेखापरीक्षणबाट औंल्याइएका बेरुजु समयमै फछ्र्यौंट गर्ने, सरकारी बाँकी रकम असुलउपर गर्ने र बेरुजु न्यूनीकरण गर्ने प्रक्रियालाई व्यवस्थित गरेको छ ।
नयाँ व्यवस्थाअनुसार बेरुजुलाई असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बाँकी गरी तीन प्रकारमा वर्गीकरण गरिनेछ ।
बेरुजुको व्यवस्थित अभिलेख राख्ने र नियमित सम्परीक्षण गराउने व्यवस्था पनि कार्यविधिमा गरिएको छ ।
कार्यविधिले बेरुजु फछ्र्यौंटमा लापरबाही गर्नेलाई जिम्मेवार बनाउँदै पाँच वर्षसम्म पनि फछ्र्यौंट वा असुलउपर हुन नसकेको बेरुजुलाई सरकारी बाँकीसरह लगत कायम गर्ने व्यवस्था गरेको छ । त्यस्तो रकम असुल गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत सम्बन्धित व्यक्तिको बैंक खाता तथा जायजेथा रोक्का गर्ने, लिलाम बिक्री गर्ने र आवश्यक कानुनी कारबाही अघि बढाउन सकिने प्रावधान राखिएको छ ।
त्यस्तै, तोकिएको समयभित्र पेस्की फछ्र्यौंट नगरेमा वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गरिनेछ । प्रत्येक आर्थिक वर्षको भदौ १५ गतेभित्र सम्बन्धित कार्यालयले बेरुजु फछ्र्यौंट कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने अनिवार्य व्यवस्था पनि गरिएको छ ।
बेरुजु फछ्र्यौंटलाई प्रभावकारी बनाउन कार्यालयहरूलाई वार्षिक बेरुजुको मात्राका आधारमा 'क', 'ख', 'ग' र 'घ' गरी चार वर्गमा विभाजन गरिनेछ । सोही आधारमा प्रत्येक कार्यालयका लागि निश्चित फछ्र्यौंट लक्ष्य निर्धारण गरिने कार्यविधिमा उल्लेख छ ।
कार्यविधिले दण्डात्मक व्यवस्थासँगै प्रोत्साहनलाई पनि समेटेको छ । समयमै बेरुजु फछ्र्यौंट तथा न्यूनीकरण गर्ने उत्कृष्ट कार्यालय, कार्यालय प्रमुख र आर्थिक कारोबारमा संलग्न कर्मचारीलाई २५ हजार रुपैयाँसम्म नगद पुरस्कारसहित

बाँकी पृष्ठ ४मा

- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सुत्केरी



सम्पर्क ठेगाना
दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



सम्पादकीय

सुर र संस्कृतिले जोड्दै दुई देश

नेपाल र भारतबीचको सम्बन्ध राजनीतिक तथा भौगोलिक सीमामा मात्र सीमित छैन। हजारौँ वर्ष पुरानो सभ्यता, संस्कृति, भाषा, साहित्य, धर्म र परम्पराले यी दुई देशलाई भावनात्मक रूपमा जोड्दै आएको छ। यही आत्मीय सम्बन्धलाई अझ प्रगाढ बनाउन संगीत प्रभावकारी माध्यम बन्न सक्छ। भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आईसीसीआर) को आयोजनामा हुन लागेको 'नेपाल सांस्कृतिक संगीत यात्रा-२०२६' यसैको एउटा महत्वपूर्ण प्रयास हो।

भारतीय लोकगायिका विजया भारती र युवा गायक भव्य राजको सांगीतिक टोलीले काठमाडौं, जनकपुर, वीरगञ्ज, विराटनगर र बुटवलमा प्रस्तुति दिँदै छ। लोकसंगीत र आधुनिक संगीतको संयोजन रहने यस यात्राले दुई देशको साझा सांस्कृतिक विरासतलाई नयाँ पुस्तासम्म पुऱ्याउने अपेक्षा गरिएको छ। विशेषगरी मिथिलाको ऐतिहासिक भूमि जनकपुरधाममा हुने कार्यक्रमको आफ्नै महत्व छ।

माता सीताको जन्मभूमि जनकपुर र भारतको अयोध्याबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध प्राचीनकालदेखि स्थापित छ। मैथिली भाषा, साहित्य र लोकगीतले पनि नेपाल र भारतका मिथिलावासीलाई पुस्तौँदेखि जोड्दै आएका छन्। महाकवि विद्यापतिका रचना, नचारी र महेशवाणी दुवै देशका मिथिला क्षेत्रमा आज पनि उत्तिकै श्रद्धाका साथ गाइन्छन्। यस्तो साझा सांगीतिक परम्पराको संरक्षण र प्रवर्द्धन अहिलेको आवश्यकता हो।

तर सांस्कृतिक आदानप्रदान एकतर्फी हुनु हुँदैन। भारतीय कलाकारलाई मञ्च उपलब्ध गराउनुका साथै नेपाली तथा मैथिली कलाकारलाई पनि अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर दिनुपर्छ। स्थानीय लोकसंगीत, भाषा र मौलिक कलालाई यस्ता कार्यक्रमसँग जोड्न सके मात्र सांस्कृतिक सहकार्य सार्थक बन्न सक्छ।

संगीतले भाषा र भूगोलको सीमा नाघेर मानिसको मन जोड्छ। त्यसैले यस्ता कार्यक्रमलाई क्षणिक मनोरञ्जनमा सीमित नगरी दीर्घकालीन सांस्कृतिक सम्बन्धको आधार बनाउनुपर्छ। राजनीतिक सम्बन्धमा उतारचढाव आउन सक्छ, तर जनस्तरको आत्मीयता संस्कृति र परम्पराले जीवित राख्छ। संगीतको यही सेतुले नेपाल-भारत सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास गर्न सकिन्छ।

सरकारविरुद्ध आन्दोलनका सम्भावित मुद्दाहरू

कैलाश दास

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारविरुद्ध पुराना राजनीतिक दलहरू आन्दोलनको तयारीमा जुटेका छन् । नेकपा एमाले र मधेशकेन्द्रित जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारका विभिन्न निर्णय तथा कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै हिन्दुहरूको प्रमुख पर्व छठपछि आन्दोलन गर्ने चेतावनी दिएका छन् । तर, पुराना दलले आह्वान गर्ने आन्दोलनमा आमजनताको सहभागिता कति रहला भन्ने प्रश्न अहिले राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ ।

मधेशमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारविरुद्ध आन्दोलनको तयारी गरिरहेका छन् भने देशव्यापी रूपमा नेकपा एमालेले पनि आफ्ना नेता तथा कार्यकर्तालाई आन्दोलनका लागि तयार रहन निर्देशन दिएको छ । दुवै दलले सरकारका कमजोरीलाई आन्दोलनको मुख्य आधार बनाउने तयारी गरे पनि उनीहरूका मुद्दा र राजनीतिक उद्देश्य भने फरक देखिन्छन् ।

नेकपा एमालेले रास्वपा नेतृत्वको सरकारले जनतालाई सुशासनको अनुभूति गराउन नसकेको, महँगी र अभावका समस्या समाधान गर्न नसकेको तथा अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनमा समेत अपेक्षित परिपक्वता देखाउन नसकेको आरोप लगाउँदै आएको छ । यी विषयलाई प्राथमिकतामा राखेर एमालेले आगामी राजनीतिक तथा निर्वाचन रणनीतिसमेत लक्षित गर्दै आन्दोलनको वातावरण निर्माण गर्न खोजेको देखिन्छ ।

तर, एमालेका लागि मुख्य चुनौती सरकारको आलोचना गर्नु मात्र होइन, जनताको विश्वास पुनः प्राप्त गर्नु पनि हो । लामो समयसम्म सत्तामा रहेर शासन सञ्चालन गरेको एमालेसहितका पुराना दलप्रति जनतामा विभिन्न असन्तुष्टि र प्रश्नहरू छन् । त्यसैले उनीहरूले उठाएका मुद्दा जनताका वास्तविक समस्या हुन् कि सत्ता गुमाउँदाको राजनीतिक असन्तुष्टि मात्रै भन्ने बहस पनि उत्तिकै महत्त्वपूर्ण छ ।

यता, जसपा नेपालको आन्दोलनको प्राथमिकता केही फरक देखिएको छ । जसपाले स्थानीय तहको निर्वाचन निर्दलीय प्रणालीबाट गराउनुपर्ने मागलाई प्रमुख एजेण्डा बनाउँदै सरकारमाथि दबाब सिर्जना गर्ने तयारी गरेको छ । स्थानीय तहको निर्वाचनमा राजनीतिक दलको प्रत्यक्ष प्रभाव र हस्तक्षेप कम गरी उम्मेदवारलाई स्थानीय मुद्दा, क्षमता र जनविश्वासका आधारमा निर्वाचित हुने वातावरण बनाउनुपर्ने उसको तर्क छ ।

रोचक पक्ष के छ भने स्थानीय तहको निर्वाचन निर्दलीय हुनुपर्ने विषय रास्वपाले पनि विगतमा उठाउँदै आएको एजेण्डा हो । तर, सरकार गठनपछि यो विषय अपेक्षित रूपमा अघि नबढेको भन्दै जसपा नेपालले यसलाई पुनः राजनीतिक बहसको केन्द्रमा ल्याउन खोजेको छ ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले लामो समयदेखि स्थानीय तहको निर्वाचन निर्दलीय हुनुपर्ने धारणा राख्दै आएका छन् । विगतका निर्वाचनमा यो विषयले अपेक्षित राजनीतिक प्राथमिकता नपाए पनि अहिले सरकारलाई दबाब दिने प्रभावकारी मुद्दाका रूपमा अघि सार्ने तयारी भइरहेको छ ।

स्थानीय तहको निर्वाचनलाई दलगत प्रतिस्पर्धाबाट अलग राख्नुपर्ने विषयमा सर्वसाधारण तहमा पनि बहस हुँदै आएको छ । स्थानीय सरकार जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिने सरकार भएकाले विकास, सेवा प्रवाह र जनताको आवश्यकतालाई प्राथमिकता दिनुपर्ने मत बलियो छ । दलगत स्वार्थ र राजनीतिक प्रतिस्पर्धाका कारण स्थानीय तहको विकास तथा सेवा प्रवाह प्रभावित हुने गरेको आलोचना पनि सुनिन्छ ।

स्थानीय तहको निर्वाचन निर्दलीय भएमा उम्मेदवारले दलको निर्देशन र दबाबभन्दा माथि उठेर स्थानीय आवश्यकताअनुसार काम गर्न सक्ने तर्क गर्नेहरू पनि छन् । स्थानीय तहमा दलगत राजनीतिको प्रभाव घटाएर जनउत्तरदायी नेतृत्व स्थापित गर्न यस्तो व्यवस्था उपयोगी हुन सक्ने स्थानीयवासी सन्तोष महतोको धारणा छ ।

उनका अनुसार राष्ट्रिय तथा प्रदेशस्तरको राजनीतिमा राजनीतिक दलको भूमिका आवश्यक भए पनि स्थानीय सरकारको नेतृत्व चयन गर्दा विकास, पारदर्शिता, कार्यक्षमता र जनताको विश्वासलाई प्राथमिकता दिनुपर्छ । स्थानीय तहमा दलगत प्रतिस्पर्धाभन्दा जनताको आवश्यकता र स्थानीय विकासका सवाल निर्णायक बन्नुपर्ने उनको भनाइ छ ।

यद्यपि, स्थानीय निर्वाचन निर्दलीय बनाउँदैमा राजनीतिक हस्तक्षेप पूर्ण रूपमा अन्त्य हुन्छ भन्ने निश्चित छैन । स्थानीय तहमा राजनीतिक विचार, दलको प्रभाव र जनप्रतिनिधिको जवाफदेहितालाई कसरी व्यवस्थित गर्ने भन्ने विषयमा पनि स्पष्ट कानुनी तथा संस्थागत व्यवस्था आवश्यक हुन्छ । त्यसैले निर्दलीय निर्वाचनको माग केवल राजनीतिक नारा नभई यसको व्यावहारिक पक्ष, संवैधानिक आधार र कार्यान्वयनको मोडलबारे पनि गम्भीर बहस हुनुपर्ने देखिन्छ ।

छिमेकी भारतका विभिन्न राज्यमा स्थानीय निकायको निर्वाचन प्रणाली फरक-फरक अभ्यासमा आधारित छ । कतिपय स्थानमा दलगत आधारमा प्रतिस्पर्धा हुने गरेको छ भने कतिपय स्थानीय निर्वाचनमा दलको औपचारिक चुनाव चिह्नबिना उम्मेदवारी दिने व्यवस्था छ । त्यसैले स्थानीय निर्वाचन निर्दलीय हुनुपर्ने बहसमा अन्तर्राष्ट्रिय अभ्यासको समेत अध्ययन आवश्यक देखिन्छ ।

अब मुख्य प्रश्न एमाले र जसपा नेपालको आन्दोलनमा आमजनता सहभागी हुन्छन् कि हुँदैनन् भन्ने हो । पुराना राजनीतिक दलप्रति असन्तुष्टि व्यक्त गर्दै आएका नागरिक उनीहरूले आह्वान गरेको आन्दोलनमा स्वतः सहभागी हुन्छन् भन्ने अवस्था छैन । सरकारका कमजोरीप्रति असन्तुष्टि हुनु र पुराना दलको आन्दोलनलाई समर्थन गर्नु दुई फरक विषय हुन् ।

एमालेले उठाएका महँगी, सुशासन, अभाव र अन्तर्राष्ट्रिय सम्बन्धका विषय जनतासँग प्रत्यक्ष जोडिएका छन् । तर, ती मुद्दा उठाउने दलको विगतको शासनशैली, राजनीतिक व्यवहार र जनताप्रतिको जवाफदेहिताको मूल्याङ्कन पनि नागरिकले गर्नेछन् । अर्कोतर्फ, जसपा नेपालले उठाएको स्थानीय निर्वाचन निर्दलीय हुनुपर्ने मागले मधेशमा नयाँ बहस सिर्जना गर्न सक्ने सम्भावना छ । तर, उक्त मागप्रति जनताको समर्थनलाई आन्दोलनमा सहभागी हुने तयारीका रूपमा बुझ्नु उचित हुँदैन ।

रास्वपा नेतृत्वको सरकार गठनपछि पुराना दलहरूका लागि आफ्नो राजनीतिक औचित्य र जनाधार प्रमाणित गर्ने चुनौती थपिएको छ । नयाँ सरकारका कमजोरी औंल्याउनु मात्र पर्याप्त हुँदैन, विगतमा आफूहरूले शासन सञ्चालन गर्दा देखिएका कमजोरीको जवाफसमेत दिनुपर्ने हुन्छ । जनताले अब राजनीतिक दलका भाषण र नाराभन्दा काम, परिणाम र जवाफदेहितालाई बढी महत्त्व दिन थालेका छन् ।

त्यसैले आगामी आन्दोलन पुराना दलका लागि केवल सरकारविरुद्ध शक्ति प्रदर्शन गर्ने अवसर मात्र होइन, जनताको विश्वास पुनः प्राप्त गर्ने परीक्षासमेत हुनेछ । आन्दोलनमा नेता तथा कार्यकर्ताको उपस्थिति कति रहन्छ भन्नेभन्दा पनि आमनागरिकले त्यसलाई आफ्नो मुद्दा ठान्छन् कि ठान्दैनन् भन्ने कुराले यसको सफलता निर्धारण गर्नेछ ।

स्थानीय तहको निर्वाचनको समय, संवैधानिक व्यवस्था र निर्वाचन तालिकाबारे पनि स्पष्टता आवश्यक छ । निर्वाचन कहिले हुने भन्ने विषयमा राजनीतिक दलहरूबीच सहमति, संवैधानिक प्रावधान र निर्वाचन आयोगको तयारी महत्त्वपूर्ण हुनेछन् । त्यसैले स्थानीय निर्वाचनको मिति र समयसीमालाई लिएर गरिने राजनीतिक दाबीभन्दा आधिकारिक संवैधानिक तथा कानुनी व्यवस्थाका आधारमा बहस अघि बढाउनुपर्ने देखिन्छ ।

अन्ततः पुराना दलको आन्दोलन सफल हुने वा नहुने कुरा उनीहरूको संगठनात्मक शक्तिले मात्र निर्धारण गर्ने छैन । जनताको वास्तविक समस्या, आन्दोलनको औचित्य, विगतको राजनीतिक व्यवहार र वर्तमान सरकारको कार्यसम्पादनको तुलनात्मक मूल्याङ्कनबाट नै त्यसको परिणाम तय हुनेछ । अबको राजनीतिमा जनतालाई सडकमा उतार्नुभन्दा पहिले उनीहरूको विश्वास जित्नुपर्ने चुनौती पुराना दलसामु खडा भएको छ ।

तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

आवश्यक टेलिफोन नम्बरहरू

एम्बुलेन्स

मिथिला युवा समाज नेपाल	९८४४१०४३४४,०४१-५२८९०६
श्री गणेश युवा कमिटी	९८०१६२५४२४,९८५४०२७७०३
श्री विश्वकर्मा युवा कमिटी	९८१५८९४४९५,९८१२०९२४८५
सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार)	९८४४९९०५,९८०४८०५६४३
माँ सहयोगी नेपाल (देवडिहा-१)	९८०१६०४३८९
नव मिथिला युवा कमिटी	९८५४०२८३०३,९८०७८९९८८१
मिथिला स्वास्थ्य सहकारी संस्था	९८५४०२२४७४,९८०१६२२४७४
रामानन्द युवा क्लव	९८०४८२७४०५
एम्बुलेन्स रेडक्रस	१०२,०४१-५२०८७०
मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स	९८१५८९३००५,०४१-५२५४४८
धनुषा अस्पताल पा.लि.	५२४७७०, ५२५८००

प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय	०४१-५२००९९,१००
सशस्त्र प्रहरी बल मुजेलिया	०४१-५२७९०५,५२७२१३
सुरक्षा गुल्म जनकपुर ब्यारेक	०४१-५२६५८६
ट्राफिक प्रहरी कार्यालय जिरोमाइल	०४१-५२०३६६
जानकी प्रहरी चौकी जानकी चौकी	०४१-५२०३४४
इलाका प्रहरी कार्यालय स्टेशन	०४१-
मुजेलिया प्रहरी चौकी	०४१-५२०७५०
हनुमान नगर प्रहरी चौकी	
प्रहरी चौकी बलवा टोल	

अस्पतालहरू

जनकपुर अञ्चल अस्पताल	०४१-५२००३३
जिल्ला जनस्वास्थ्य कार्यालय	०४१-५२०६२८, ५२६२७१
धनुषा अस्पताल पा.लि.	५९०८००, ५२५८००
आँखा अस्पताल	०४१-५२०३९७
बच्छार प्रसुति केन्द्र	५२२४५७

महत्वपूर्ण कार्यालयहरू

जनकपुर उपमहानगरपालिका	०४१-
बरुण यन्त्र जउमनपा	०४१-५२००११
बस पार्क	०४१-५२०९९८
जनकपुर विमान स्थल	०४१-५२००४४
बुद्ध एयर	०४१-५२५०२१, ५२५०२२
यति एयर	०४१-५२५००४७, ५२५०२२
विद्युत फयुज शाखा	०४१-५२०१५१
जानकी केवुल	०४१-५२३७२८
शाह केबुल	०४१-५२४७२२

स्वस्थ्य

‘स्माइलिङ डिप्रेशन’ के हो, यसलाई कसरी चिन्ने

’डिप्रेशन’ भएको व्यक्तिको कल्पना गर्नुहोस्।

तपाईँलाई लाग्ला उनीहरू ओछ्यानबाट उठ्न सङ्घर्ष गरिरहेका छन्। सायद उनीहरू धेरै रुन्छन्, साथीहरूबाट टाढा हुन्छन् वा मुस्किलले ऊर्जावान् भएर दिन बिताउन सक्छन्।

सायद तपाईँले त्यही व्यक्तिले खाना खाँदा जिस्किरहेको, व्यस्त सामाजिक जीवन बिताएको र काममा उत्कृष्ट भएको कल्पना गर्नुहुन्न।

तर “स्माइलिङ डिप्रेशन“ भएका मानिसहरू ठ्याक्कै त्यस्तै देखिन सक्छन्।

कहिलेकाहीँ मूर्ख बनाइएको व्यक्ति साथी, साझेदार वा सहकर्मी होइन - यो तपाईँ हुनुहुन्छ।

के हो ’स्माइलिङ डिप्रेशन’?

“स्माइलिङ डिप्रेशन“ अर्थात् मुहारमा मुस्कान भए पनि भित्रभित्रै हुने डिप्रेशन आधिकारिक रूपमा तोकिएको रोगको निदान वा श्रेणी होइन।

तर पछिल्लो पाँच वर्षमा यस शब्दावलीसम्बन्धी खोजीमा ५० प्रतिशतले वृद्धि भएको छ।

ब्रिटेनको केम्ब्रिज विश्वविद्यालयकी मानसिक स्वास्थ्य अनुसन्धानकर्ता डा ओलिभिया रेमेस भन्छिन्, “यसको अर्थ बाहिर खुसी देखिए तापनि भित्रभित्रै निराश र उदास महसुस गर्नु हो।“

हामी सबैलाई कहिलेकाहीँ उदास वा खिन्न महसुस हुन्छ। तर विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभरका ३२ करोड २० लाख मानिसहरूमा यस्तो भावना डिप्रेशनका रूपमा विकास भइरहेको हुन्छ।

यस्तो अवस्थामा लगातारको उदासीपन वा रुचि र आनन्द हराउनेजस्ता लक्षणहरू हप्ता वा महिनौँसम्म रहिरहन्छन्। त्यसले काम, सम्बन्ध, निद्रा र दैनिक जीवनलाई असर गर्छ।

तर डिप्रेशन सधैँ हामीले सोचेजस्तो वा अपेक्षा गरेजस्तो देखिँदैन। अध्ययनहरूले देखाएअनुसार खासमा डिप्रेशन भएका ४० प्रतिशतसम्म मानिसहरूमा “असामान्य“ प्रकारको समस्या देखिन्छ।

त्यसमा लक्षणहरू सामान्य वा परम्परागत बुझाइभन्दा फरक हुन्छन्।

उदाहरणका लागि, कसैले सामान्यभन्दा कमको साटो बढी सुत्न वा खान सक्छन् जबकि कुनै राम्रो वा उत्साहजनक घटना हुँदा उनीहरूको मनस्थिति (’मूड’) क्षणभरका लागि सुध्रिन सक्छ।

डिप्रेशन भएका मानिसहरूले आफूले भोगिरहेको अवस्थालाई लुकाउन सक्छन् भन्ने कुराका प्रमाण पनि छन्।

यसलाई ’क्यामफ्लाजिङ’ वा ’मास्किङ’ भनिन्छ। त्यसमा उनीहरूले अरूसँग घुलमिल हुन वा सामान्य देखिनका लागि आफ्ना निश्चित गुण वा भावनाहरू लुकाउने प्रयास गर्छन्।

मानिसहरू किन डिप्रेशन लुकाउँछन्?

“स्माइलिङ डिप्रेशन“ भएका केही मानिसहरूलाई आफू डिप्रेशनमा छु भन्ने थाहा पनि हुँदैन। त्यसैले उनीहरूले यसलाई लुकाइरहेको थाहा हुँदैन।

“उनीहरूलाई आफ्ना लक्षणहरू व्यस्त, तनावपूर्ण जीवन बिताउँदाका असर मात्र हुन् भन्ने लाग्न सक्छ,“ रेमेस भन्छिन्।

आफू सङ्घर्ष गरिरहेको कुरा बुझ्न अरू कसैले भेउ नपाऊन् भनेर लुकाउन मानिसहरू कडा परिश्रम गर्छन्। यो कुरा विशेष गरी ’पर्फेक्सनिस्ट’ र अत्यधिक इमान्दार व्यक्तिहरूमाझ देखिन सक्छ।

“उनीहरू आफैँबाट उच्च अपेक्षा राख्छन्। र आफू वा अरू मानिसहरूले आफू सङ्घर्ष गरिरहेको कुरा स्वीकार गरेको देख्न चाहँदैनन्,“ उनी भन्छिन्।

केही मानिसहरूलाई त्यो नराम्रो कुरा लाग्ने र अरूलाई बोझ बन्ने डर हुन्छ।

अध्ययनहरूले देखाएअनुसार उनीहरू काममा वा सम्बन्धमा आफ्नो अनावश्यक मूल्याङ्कन हुने वा त्यसको नतिजा बेहोर्नुपर्नेबारे चिन्ता गर्न सक्छन्।

सांस्कृतिक वा पारिवारिक अपेक्षाहरूले पनि खुलेर बोल्न गाह्रो बनाउन सक्छन्।

डिप्रेशन लुकाउनुका जोखिमहरू केके हुन ?

विज्ञहरूका अनुसार बाहिरबाट सबै ठिकठाक छ भनी देखाउने प्रयास गर्नु खतरनाक हुन सक्छ।

ब्रिटेनको एक्सटर विश्वविद्यालयका चिकित्सकीय मनोवैज्ञानिक प्राध्यापक बार्नी डन भन्छन्, “डिप्रेशनले हामीलाई अलग्याउँछ र एक्लोपन महसुस गराउँछ। यस्तो अवस्थामा खस्किएको मनोदशा सुधार्ने एउटा उत्तम उपाय भनेको अरूसँग घुलमिल हुनु वा सम्बन्ध जोड्नु हो।“

यसको अर्थ समस्या लुकाउँदा मानिसहरूले आफूलाई आवश्यक पर्ने सहयोग नपाउने अवस्था पनि आउन सक्छ।

रेमेस भन्छन्, “यदि यी प्रारम्भिक लक्षणहरूलाई समयमै सम्बोधन गरिएन भने तिनले गम्भीर तथा दीर्घकालीन समस्याको रूप लिन सक्छन् र आत्महत्याको जोखिम बढाउन सक्छन्।“

डिप्रेशनका सजिलै नदेखिने सात लक्षणहरू

केही परिवर्तनहरू थाहा नपाउने खालका हुन सक्छन् र ती समस्या नभएझैँ लाग्न सक्छन्।

१. तपाईँले आनन्द लिन छोड्नुभएको छ

यदि तपाईँलाई साथीभाइलाई भेट्ने, जिम जाने वा आफ्नो मन पर्ने टीभी कार्यक्रम हेर्नेजस्ता सामान्य रूपमा उत्सुकताका साथ गर्ने कामहरू अहिले बोझजस्तो लाग्न थालेको छ भने यसको गहिराइमा पुगेर बुझ्नु आवश्यक हुन सक्छ।

रेमेस भन्छन्, “सामान्यतः सोख वा रुचिमा कमी आउनुलाई व्यस्तता र तीव्र गतिको जीवनशैलीको परिणाम मान्नु सजिलो हुन्छ।“

२. तपाईँका हातखुट्टा असामान्य रूपमा भारी महसुस हुन्छन्

“लेडन परालसिस“ भनिने यो अवस्थामा हातखुट्टा भारी महसुस हुन्छन्। त्यसले गर्दा दैनिक गतिविधिहरू गर्न पनि धेरै प्रयास गर्नुपर्ने हुन्छ। यो ’एटिपिकल डिप्रेशन’को लक्षण हुन सक्छ।

३. तपाईँ बारम्बार योजनाहरू रद्द गर्नुहुन्छ

अरूको अगाडि हुँदा तपाईँ कहिलेकाहीँ एकदमै ’राम्रो अवस्था’मा देखिन सक्नुहुन्छ। तर जब तपाईँको मनस्थिति खस्किन्छ र आफ्नो भावना लुकाउन सक्नुहुन्न, तब योजनाहरू रद्द गर्नुहुन्छ।

४. तपाईँ धेरै सुत्नुहुन्छ तर पनि थकित महसुस गर्नुहुन्छ

तपाईँ आफ्ना सामान्य गतिविधिहरू गरिरहनुभएको हुन सक्छ। तर साथसाथै आफूलाई झन्झन् शिथिल वा रित्तो महसुस गरिरहनुभएको हुन सक्छ।

रेमेस भन्छन्, “साँझको समय विशेष गरी कठिन हुन सक्छ किनकि यो अवस्था भएका मानिसहरूलाई दिनको अन्त्यमा अझ खराब महसुस हुन सक्छ र उनीहरूलाई सामान्यभन्दा बढी निद्राको आवश्यकता पर्न सक्छ।“

५. तपाईँ आलोचना वा अस्वीकृतिप्रति बढी संवेदनशील हुनुहुन्छ

हाकिमको सामान्य टिप्पणी वा साथीले योजना रद्द गर्दा लाग्ने चोट सामान्यभन्दा तपाईँलाई धेरै गहिरो हुन सक्छ।

’एडीएचडी’ भएका मानिसहरूले पनि आलोचना वा अस्वीकृतिप्रति बढी संवेदनशीलता अनुभव गर्न सक्छन्। यो ’एटिपिकल डिप्रेशन’ को एक विशेषता भएको रेमेस बताउँछन्।

६. तपाईँ सधैँ रमाइलो वा सहयोगी व्यक्तिका रूपमा चिनिनुहुन्छ

डिप्रेशनसँग जुधिरहेका व्यक्ति सधैँ एक्लिने वा पछि हट्ने गर्दैनन्। कहिलेकाहीँ उनीहरू यसको ठिक उल्टो व्यवहार गर्न सक्छन्, जस्तै - भोजभतेरमा घुलमिल हुने, आफूलाई पूर्ण रूपमा काममा व्यस्त राख्ने वा अरूलाई मद्दत गर्न आफ्नो सीमाभन्दा बाहिर गएर प्रयास गर्ने।

७. तपाईँको भित्री सोच सधैँ नकारात्मक हुन्छ

बाहिरबाट हेर्दा तपाईँ आत्मविश्वासी देखिन सक्नुहुन्छ, तर भित्रभित्रै भने आफूप्रति निकै आलोचनात्मक हुनुहुन्छ।

आफैप्रति सन्देह, आफूलाई मूल्यहीन ठान्ने भावना र शून्यताको विचार यसका सम्भावित चेतावनीयुक्त सङ्केतहरू हुन्।

के कुराले मद्दत गर्न सक्छ?

“स्माइलिङ डिप्रेशन“ शब्द आफैँमा आलोचकबिनाको छैन।

यसले मानिसहरूलाई उनीहरूले अनुभव गरिरहेको कुरा पहिचान गर्न मद्दत गर्न सक्छ, तर यसले जटिल अनुभवलाई “सरल“ रूपमा देखाउन पनि सक्ने रेम्स बताउँछिन्।

“मुस्कुराउने शब्दले तपाईँलाई खुसी र खुसीको बारेमा सोच्न बाध्य पार्छ,“ उनी भन्छिन्। तर “यस अवस्थाको मुख्य विशेषता वास्तवमा निराशा, शून्यता र बेकारपन हो।“

डन आफूले विश्वास गर्ने व्यक्तिसँग कस्तो महसुस गरिरहनुभएको छ भन्ने बारेमा थोरै कुरा बताएर गरेर सानो सुरुवात गर्न सुझाव दिन्छन्।

“प्रायः व्यक्तिहरू यसले अरूसँगको सम्बन्धलाई बलियो बनाउन सक्छ भनेर छक्क पर्छन्। यसले उनीहरूलाई अरू पनि साथमा रहेको महसुस गर्न मद्दत गर्न सक्छ र उनीहरू यस्तो महसुस गर्ने एक्लै छैनन् भन्ने महसुस गराउन सक्छ,“ उनी भन्छन्।

यदि तपाईँ सङ्घर्ष गर्दै हुनुहुन्छ भने, उनी आफ्नो डाक्टरसँग कुरा गर्न सिफारिस गर्छन्।

“कुराकानी, औषधिहरू र सामाजिक उपचारहरू सबै प्रभावकारी हुन सक्छन् भन्ने राम्रो प्रमाण छ,“ उनी भन्छन्। साभार :

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

पत्रकारमाथि धरपकडको विरोधमा प्रदर्शन

प्रेस स्वतन्त्रताको रक्षा र सञ्चारमाध्यममाथिको हस्तक्षेप बन्द गर्न पत्रकार महासंघ धनुषाको माग

दैनिक समाचारदाता

जनकपुरधाम, १४ कात्तिक । सञ्चारमाध्यमका कार्यालयमा प्रवेश गरी पत्रकारमाथि धरपकड गरिएको घटनाको विरोधमा मधेश प्रदेशको राजधानी जनकपुरधाममा पत्रकारहरूले प्रदर्शन गरेका छन् ।

नेपाल प्रहरीले शुक्रबार विभिन्न सञ्चारमाध्यमका कार्यालयमा प्रवेश गरी पत्रकारमाथि गरेको धरपकडको विरोधमा नेपाल पत्रकार महासंघ धनुषा शाखाको नेतृत्वमा शनिबार प्रदर्शन गरिएको हो ।

प्रेस स्वतन्त्रताको रक्षा, पत्रकारको पेसागत सुरक्षाको प्रत्याभूति तथा सञ्चारमाध्यममाथिको हस्तक्षेप बन्द गर्न माग गर्दै पत्रकारहरू प्रदर्शनमा उत्रिएका हुन् ।

प्रदर्शनमा सहभागी पत्रकारहरूले स्वतन्त्र पत्रकारितामाथिको हस्तक्षेप कुनै पनि अवस्थामा स्वीकार्य नहुने भन्दै प्रहरीको कदमको विरोध गरेका थिए । उनीहरूले प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ भएकाले सञ्चारमाध्यम र पत्रकारलाई निर्भीक रूपमा काम गर्ने वातावरण सुनिश्चित गर्न सरकारसँग माग गरेका छन् ।

राज्यका निकायबाटै सञ्चारमाध्यममाथि हस्तक्षेप हुनु प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य-मान्यतामाथिको चुनौती भएको भन्दै पत्रकारहरूले घटनाको निष्पक्ष छानबिन गरी संलग्नमाथि आवश्यक कारबाही गर्न माग गरेका छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र पत्रकारको पेसागत सुरक्षाको मागसहित आयोजित प्रदर्शनमा जनकपुरधामका विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकारहरूको सहभागिता रहेको थियो ।

नक्कली नोटसहित दुई जना पक्राउ

दैनिक समाचारदाता

सिरहा, १४ कार्तिक । सिरहामा २५ हजार ५ सय रुपैयाँ बराबरका नक्कली नेपाली नोटसहित दुई जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बुधबार राति करिब ९ बजे सिरहा नगरपालिका-७ स्थित महावीर चोकदेखि शिव चोक जाने हुलाकी सडकखण्डबाट उनीहरू पक्राउ परेका हुन् ।

विशेष सूचनाका आधारमा प्रहरी निरीक्षकको कमाण्डमा खटिएको टोलीले पैदल हिँडिरहेका दुई जनालाई शंकाका आधारमा जाँच गर्दा नक्कली नोट फेला पारेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालले जानकारी दिए ।

पक्राउ पर्नेमा कल्याणपुर नगरपालिका-८ निवासी ३५ वर्षीय मोहमद मुस्तुफा हुसेन र ३२ वर्षीय समिर मिया रहेका छन् । प्रहरीका अनुसार उनीहरूको साथबाट ५०० रुपैयाँ दरका तीन थान र एक हजार रुपैयाँ दरका २४ थान गरी जम्मा २७ थान नक्कली नोट बरामद गरिएको छ । बरामद नोटको कुल अंकित मूल्य २५ हजार ५ सय रुपैयाँ रहेको प्रहरीले जनाएको छ ।

दुवै जनालाई बरामद नक्कली नोटसहित नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय सिरहामा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

गंगाजलीमा आदिवासी जनजाति साहित्य महोत्सव सुरु

प्रदेश प्रमुख कर्णद्वारा परम्परागत बाजागाजा बजाएर उद्घाटन, भाषा, साहित्य र संस्कृतिको संरक्षणमा जोड

दैनिक समाचारदाता

सप्तरी, १४ कार्तिक । सप्तरीको सप्तकोशी नगरपालिका-५ स्थित गंगाजलीमा शनिबारदेखि दुईदिने आदिवासी जनजाति साहित्य महोत्सव-२०८३ सुरु भएको छ ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाल कर्णले आदिवासी जनजातिका परम्परागत बाजागाजा बजाएर महोत्सवको उद्घाटन गरेका हुन् । परम्परागत सांस्कृतिक बाजागाजासहित गरिएको उद्घाटन समारोहपछि औपचारिक कार्यक्रम सुरु भएको थियो ।

सप्तकोशी नगरपालिका-५ नम्बर वडा कार्यालयको आयोजनामा सञ्चालन भइरहेको महोत्सवको उद्घाटन समारोह वडाध्यक्ष गोसाई चौधरीको अध्यक्षतामा सम्पन्न भएको हो ।

कार्तिक १४ र १५ गते गरी दुई दिनसम्म सञ्चालन हुने महोत्सवले आदिवासी जनजाति समुदायको भाषा, साहित्य, कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धनमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

महोत्सवमार्फत आदिवासी जनजातिको साहित्यिक तथा सांस्कृतिक पहिचानलाई उजागर गर्नुका साथै नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति, भाषा र परम्परासँग जोड्ने उद्देश्य राखिएको आयोजकले जनाएको छ ।

बेरुज...........

प्रमाणपत्र प्रदान गरिने व्यवस्था गरिएको छ ।

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सार्वजनिक स्रोतको सदुपयोग, वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्दै प्रदेशलाई बेरुजुमुक्त बनाउने अभियानमा नयाँ कार्यविधि महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गरेका छन् ।

उनले आर्थिक कारोबारमा संलग्न सबै पदाधिकारी तथा कर्मचारीलाई कार्यविधिले तोकेको समयसीमाभित्र जिम्मेवारीपूर्वक बेरुजु फछ्र्यौट गर्न निर्देशनसमेत दिएका छन् । प्रदेश सरकारले कार्यविधिको प्रभावकारी कार्यान्वयनबाट सरकारी खर्च प्रणालीलाई थप पारदर्शी, मितव्ययी र नतिजामुखी बनाउनुका साथै वित्तीय सुशासन सुदृढ हुने अपेक्षा गरेको छ ।

हेटौँडा-काठमाडौँ छोटो दुरीको सडक बन्द

हेटौँडा, १४ कार्तिक । कुलेखानी जलाशयमा पानीको सतह बढ्दै गएपछि हेटौँडा-काठमाडौँ जोड्ने छोटो दूरीको भीमफेदी-देउराली-कुलेखानी सडकखण्डमा १२ घण्टा सवारी आवागमन बन्द गरिने भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले बाढी तथा पहिरोको जोखिमलाई ध्यानमा राख्दै शनिबार साँझ ५ बजेदेखि आइतबार बिहान ५ बजेसम्म उक्त सडकखण्डमा सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाएको हो ।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकास्थित कुलेखानी जलाशयमा पानीको सतह निरन्तर बढिरहेको छ । बंगालको खाडीमा विकसित चक्रवात 'अर्णव' को प्रभावका कारण कात्तिक १२ गतेदेखि मकवानपुरमा लगातार वर्षा भइरहेको छ । वर्षाका कारण शनिबार साँझसम्म जलाशयको पानीको सतह एक हजार ५२९ मिटर पुग्न सक्ने अनुमान गरिएको छ ।

कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रबन्धक प्रल्हाद राउतका अनुसार जलाशयको पूर्ण क्षमता एक हजार ५३० मिटर रहेकामा शनिबार दिउँसो सवा ४ बजेसम्म पानीको सतह एक हजार ५२८.४८ मिटर पुगेको छ । पानीको सतह एक हजार ५२८.५० मिटर पुगेपछि सतर्कताका लागि पहिलो साइरन बजाइने उनले बताए ।

जलाधार क्षेत्रमा अप्रत्याशित रूपमा भारी वर्षा भएमा जलाशयको सुरक्षा र पानीको सतह सन्तुलित राख्न बाँधका मुख्य ढोका खोल्नुपर्ने अवस्था आउन सक्ने प्रशासनले जनाएको छ ।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं

- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४